## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २६ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभएको छ, छठको महापर्व संस्कृति, प्रकृति अनि समाज बीचको गहिरो एकताको प्रतीक हो।
- दार्जीलिंग, कालेबुङ जिल्ला लगायत तराई, डुवर्समा भव्य रुपमा छठ पर्व पालन गरिंदै छ।
- पश्चिम बंगाल खाद्य विभागले आगामी खरीफ सिजनको सुरुवातका साथै एक नोभेम्बर देखि राज्यभरि धानको सरकारी खरिद प्रक्रिया सुरु गर्ने भएको छ।
- साथी सारथी सोसाइटीले आज दोस्रो संस्करणको दौड़ प्रतियोगिता सम्पन्न गरेको छ।
- मौसम विभागले चेतावनी दिए अनुसार जगद्धात्री पूजा अवधि दक्षिण बंगालमा भारी वर्षा हुन् सक्ने छ ।

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ छठको महापर्व संस्कृति, प्रकृति र समाज बीचको गहिरो एकताको प्रतीक हो। आकाशवाणीबाट मन की बात कार्यक्रममा आज प्रधानमंत्रीले छठको अवसरमा सबै मानिसहरु विशेष रूपमा बिहारए झारखंड र पूर्वांचलका मानिसहरुलाई शुभकामना दिनुभयो। उहाँले भन्नुभयो समाजका हरेक वर्ग छठ घाटहरुमा एकसाथ आएर भारतको सामाजिक एकताको सबैभन्दा सुन्दर उदाहरण प्रस्तुत गर्दछ।

*बाइट*

श्री मोदीले भन्नुभयो सम्पूर्ण देश उत्सवको भावनामा डुबेको छ र भक्ति, स्नेह र परम्पराको संगम देखिँदैछ। उहाँले छठको समयमा व्रत बस्ने महिलाहरूको समर्पण र निष्ठालाई प्रेरणादायी बताउनु भयो। श्री मोदीले भन्नुभयो अपरेशन सिन्दूरले प्रत्येक भारतीयलाई गौरवान्वित गरेको छ। प्रधानमन्त्रीले वस्तु तथा सेवा कर (जीएसटी) बचत उत्सव प्रति मानिसहरुमा देखिएको उत्साहप्रति खुशी व्यक्त गर्नुभयो। उहाँले चाडपर्वको मौसममा स्वदेशी वस्तुको ठूलो खरिदमा पनि खुशी व्यक्त गर्नुभयो। सरदार वल्लभभाइ पटेलको जयन्ती ३१ अक्टोबरमा मनाइनेछ। श्री मोदीले यस अवसरमा गुजरातको एकता नगरमा स्ट्याच्यू अफ युनिटी नजिकै प्रत्येक वर्ष विशेष समारोह आयोजना गरिने बताउनुभयो।

प्रधानमन्त्रीले भारतको राष्ट्रिय गीत वन्दे मातरमको पनि चर्चा गर्नुभयो। उहाँले भन्नुभयो यो देशभक्ति शब्दहरू भन्दा माथिको भावना हो। प्रधानमंत्रीले भन्नुभयो वन्दे मातरम गीतले त्यो अमूर्त भावनालाई मूर्त रूप दिंदछ। उहाँले भन्नुभयो ७ नोभेम्बरमा देश वन्दे मातरम् उत्सवको 150 औं वर्षमा प्रवेश गर्नेछ। यो गीत 150 वर्ष पहिले रचिएको थियो र पहिलो पटक १८९६ मा गुरुदेव रवीन्द्रनाथ टैगोरले गाउनु भएको थियो। श्री मोदीले सबैलाई वन्दे मातरमको महिमामंडनका लागि प्रयास गर्न र ह्यासट्याग वन्दे मातरम 150 का साथ सुझावहरू पठाउन आग्रह गर्नुभयो। श्री मोदीले भन्नुभयो २२ अक्टोबरमा कोमाराम भीमको जयन्ती मनाईएको थियो। उहाँले युवाहरूलाई क्रान्तिकारी स्वतन्त्रता सेनानी कोमाराम भीमको बारेमा अधिक जानकारी प्राप्त गर्ने आग्रह गर्नुभयो। भगवान बिरसा मुण्डाको जयन्तीको अवसरमा 15 नोभेम्बरमा जनजातीय गौरव दिवस मनाइनेछ। प्रधानमन्त्रीले भगवान बिरसा मुण्डालाई श्रद्धाञ्जली अर्पित गर्दै भन्नुभयो देशको स्वतन्त्रता र जनजातीय समुदायको अधिकारको लागि उहाँको कार्य अद्वितीय छ। उहाँले सबैलाई भगवान बिरसा मुण्डा र कोमाराम भीम जस्ता जनजातीय समुदायका महान विभूतिहरूको बारेमा पढ्न आग्रह गर्नुभएको छ।

**छठ**

दार्जीलिङ र कालेबुङ जिल्लाहरूमा भव्य रूपले छठ पर्व पालन गरिन्दैछ। हिजोदेखि शुरू भएको सूर्य देवको उपासनाको महापर्व छठ भोल अस्ताउदै गरेको सूर्यलाई अर्घ दिइने छ भने पर्सी उदाउदै गरेको सूर्यलाई अर्घ प्रदान गरे पछि यो महान पर्व सम्पन्न हुनेछ।

दार्जीलिङको जी.डी.एन.एस मैदान, ठाकुरबाड़ी, मिरिकको सुमेन्दु झील परिसर, खरसाङको श्री राम मन्दिर, कालेबुङको मेलाटार, सिलगढ़ी महानन्दा नदीका किनारहरूमा छठी मैयाका बेदीहरू बनाउने तथा त्यसलाई सजाउने कामहरू अन्तिम चरणमा पुगेको छ। छठ व्रतीहरूले निर्जला उपवास बसेर भगवान सूर्यको उपसना गर्दछन्। हिजदेखि छठको खरीददारी गर्न बजारमा मानिसहरूको ठूलो भीड़ देखिन्दैछ। यस अवसरमा मौसमी फलफूल कन्दमूल नरियल, ऊखू आदिले सूर्य देवताको विशेष पूजा गरिन्छ। पहाड़, तराई, डुवर्सका नेताहरूले पनि छठको बधाई दिएका छन्। यस अवसरमा कैयन संघ संस्थाहरूले गरीब छठ व्रतीहरूलाई पूजाका सामाग्रीहरू सितैमा वितरित गरेका छन्।

## पश्चिम बंगाल धान खरीद

पश्चिम बंगाल खाद्य विभागले आगामी खरीफ सिजनको सुरुवातका साथै एक नोभेम्बर देखि राज्यभरि धानको सरकारी खरिद प्रक्रिया सुरु गर्ने भएको छ। विभागका एक वरिष्ठ अधिकारीले आज बताए अनुसार किसानहरूले अब धान बेचेको तीन कार्य दिन भित्र सोझै आफ्नो बैंक खातामा भुक्तानी पाउनेछन्। यो व्यवस्था किसानहरूलाई भुक्तानीमा ढिलाइ हुनबाट जोगाउने उद्देश्यले गरिएको हो।

*खाद्य विभागले वर्ष २०२५-२६ को खरीफ सिजनको लागि राज्यभरि जम्मा ६२० स्थायी धान खरिद केन्द्रहरू स्थापित भइरहेको जानकारी दिएको छ। यसबाहेक १७६ मोबाइल खरिद केन्द्रहरू पनि लगाईनेछ जुन विशेष गरी ती दुर्गम क्षेत्रहरूमा जानेछन् जहाँ किसानहरूलाई स्थायी केन्द्रहरूमा पुग्न गाह्रो छाखाद्य विभागले जारी गरेको दिशा-निर्देश अनुसार सम्बन्धित निकायले अस्थायी शिविरमा धान खरिद गरेको भोलिपल्ट विभागलाई जानकारी गराउनुपर्नेछ। विभागले त्यो जानकारी प्रमाणित गर्नेछ र किसानहरूको बैंक खातामा तुरुन्तै भुक्तानी सुनिश्चित गर्नेछ। यस वर्ष किसानहरूले प्रतिक्विन्टल धानको लागि दुई हजार तीन सय उनतर रुपियाँको समर्थन मूल्य पाउनेछन्। खाद्य विभागले धान बिक्रीको लागि अनलाइन पंजीकरण अनिवार्य हुने पनि स्पष्ट पारेको छ। किसानहरूले तोकिएको तिथिमा सम्बन्धित केन्द्रहरूमा आफ्नो धान बेच्न सक्नेछन्। यदि कुनै कारणवश निर्धारित दिनमा पुग्न सम्भव भएन भने पुन: बुकिङ गर्नुपर्नेछ। अधिकारीहरूका अनुसार नोभेम्बरदेखि फरवरी सम्मका चार महिना धान खरिदका लागि सबैभन्दा व्यस्त र महत्त्वपूर्ण अवधि मानिन्छ।*

## दौड

साथी सारथी सोसाइटीले आज दोस्रो संस्करणको म्याराथन प्रतियोगिता सम्पन्न गरेको छ। दार्जीलिङको चौरस्तामा भएको 5 K अनि 10 K दौडमा ३०० भन्दा अधिक बाल बालिकाहरुले अंशग्रहण गरेका थिए भने अन्तरास्ट्रिय धाविका मिरिक निवासी राखी राई मुख्य अतिथिको रुपमा उपस्तिथ रहेकी थिइन। आज सम्पन्न 10 K Boyes का बिजेता रिवास छेत्री भए भने सफल गुरुङ दोस्रो अनि स्टेफन राई तेस्रो भए। यसरि नै 10 K girls मा पासांग मोक्तान प्रथम, अनिशा छेत्री दोस्रो अनि अर्पिता थापा तेस्रो आउन सफल बने। 5 K boyes बर्गमा आदित्य सुब्बा प्रथम, रेयाङ्ग तामाङ्ग दोस्रो अनि टेरेन्स मोक्तान तेस्रो भए। अर्कोतिर 5 K girls मा तास्ताभी छेत्री प्रथम साङ्गे लामा भुटिया दोस्रो अनि दिया थामी तेस्रो बनिन् ।

## मौसम

मौसम विभागले चेतावनी दिए अनुसार जगद्धात्री पूजा अवधि दक्षिण बंगालमा भारी वर्षा हुन् सक्ने छ । बंगालको खाड़ीमा बनेको चक्रवातीय परिसंचरण अब गहिरो निम्नचापमा परिणत भएको छ जसबाट चक्रवात ‘मान्था’ उत्पन्न हुनेछ।

*बिभागले दक्षिण बंगालका किसानहरुलाई खेतहरुमा तयार फसल भोलि सम्म काट्ने निर्देश दिएको छ। आज बेलुकीदेखि दक्षिण बंगालको तटीय जिल्लाहरुमा मौसममा बदलाव आउँ सक्ने छ। मंगलवारको दिन कोलकातामा हल्का वर्षाको अनुमान छ। मंगलवार बेलुकी देखि दक्षिण बंगालमा तिब्र वर्षा हुनेछ। उत्तर बंगालको दार्जिलिंग, कलिम्पोंग, जलपाईगुड़ी अनि अलीपुरद्वारमा बिहिबार अनि शुक्रबार वर्षाको सम्भावना छ। भारी वर्षा मालदा, उत्तर दिनाजपुर, अलीपुरद्वार अनि कूचबिहारमा हुने चेतावनी जारी गरिएको छ ।*

## हवन

सियाराम सनातनी महा दार्जीलिङले भोली दार्जीलिङको महाकाल मन्दिरमा गत चार अक्टोबरको त्रासदीमा परी ज्यान गुमाउनेहरुको आत्मा शान्ति खातिर हवन अनि रुद्र अभिषेक सम्पन्न गर्ने भएको छ। आज एक भिडियो मार्फत

यस आशयको जानकारी आचार्य परमेश्वर कृष्णदासले दिनु भयो। उहाँले शास्त्रको सार अनुरुप हवन सम्पन्न हुने बताउनु भयो। उहाँले अनुस्ठानमा शास्त्रीय बिष्णु सहस्त्र हवन, रुद्र अभिषेक अनि भब्य भण्डाराको आयोजन हुने जानकारी दिनुभयो।

**मगरजोङमा दुष्कर्मको आरोप**

सुकेपोखरी खण्ड अन्तर्गत मगरजोङ चियाबारी निवासी ३५ वर्षीय नामग्याल तामाङमाथि मगरजोङका एक महिलामाथि दुष्कर्म तथा हत्याको प्रयास गरेको आरोप लागेको छ। घटना गत अक्टोबर २१ तारिखका दिन भएको बताइएको छ। स्थानीय बासिन्दाहरूले घटनापछि सो विषयमा छलफल गर्दै अक्टोबर २५ को साँझ सुकेपोखरी थानामा आरोपीविरुद्ध प्राथमिकी दर्ता गरेका छन्।

****** ० ******